बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब भिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नविर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : १६७ ॥ २०७९ श्रावण १० गते मंगलबार (26thJul 2022 Tuesday) **Pratidin** National Daily dNo-?:%÷-

बिर्तामोडमा पनि गाडीमाथि हाँगा झर्यो

बिर्तामोड (प्रस) । तीनजनाको ज्यान जानेगरी भक्तपुरको सल्लाघारीमा गुडिरहेको मिनीबसमाथि अचानक रुख बज्रिँएकोजस्तो घटना बिर्तामोडमा पनि भएको छ । बिर्तामोडस्थित मातृभाग्य रेखा ग्यारेजनजिक रोकिराखेको को २ च ४८७ नं को केरियरमाथि रुखको हाँगा भाच्चिएर झरेको हो । आफू उभिएको ठाउँभन्दा सय मिटर पश्चिम सो घटना भएको प्रत्यक्षदर्शी रोम घिमिरेले बताए । ' म बाटोमा यात्रामा थिएँ । पश्चिमतर्फ नै जाँदै थिएँ । हावा पनि थिएन । अत्यन्त नर्मल अबस्थामा रुखको हाँगा खस्यो । गाडीको स्टि्रङमा ड्राइभर ढोका खोलेर बसिरहेको थियो 'उनले भने,' हाँगा गाडीको देब्रेपट्टि खस्यो । त्यो ड्राईभरको दिन बलियो रहेछ । अनि हाम्रो पनि ।'सो घटनामा केरियरमा सामान्य क्षति पुगेपनि चालकलाई केही नभएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डिएसपी रुगमबहादुर कुँवरले बताए ।

बिर्तामोड- खुदुनाबारी हुँदै दानाबारी जाने सडकखण्डको ज्यामुद्वारमा दुईवटा सखुवाको रुख लड्न आँटेको भन्दै स्थानीय खगेन्द्र लिङ्देनले त्यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । भक्तपुर नगरपालिका-१ सल्लाघारीस्थित चोङ्गा गणेश सल्लाघारी दूधपाटी सडक छेउको सल्लाको रूख ढलेर बस र स्कुटर किच्दा तीनजनाको मृत्यु भएको हो। आइतबार दिउँसो काठमाडौँबाट यात्रु बोकेर दूधपाटी

❖ बाँकी अन्तिम पृष्ठमा

हार्दिक बधाई तथा शुभकामना

राधा खनाल

रेजिना गौतम

सुशीला संग्रौला

मेरा आत्मीय मित्रहरू राधा खनाल र रेजिना गौतम नेपाल प्रेस युनियनको सचिवमा निर्वाचित हुनुभएको तथा मेरी प्यारी दिदी सुशीला संग्रौला केन्द्रीय सदस्यमा निर्विरोध निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँहरूको सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।

गीता अधिकारी
सचिव

दिपा खरेल
अध्यक्ष

महिला उद्यमी संघ नेपाल
अर्जुनधारा नगर समिति

कोरोना संक्रमण बढेपछि पूर्वी नाकामा निगरानी

झापा (प्रस) । कोरोनाको संक्रमण दर बढ्न थालेको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालय र मातहतका निकायलाई साउन ५ मा १० बुँदे निर्देशनात्मक अनुरोध पत्र पठायो । मन्त्रालयको पत्र आएलगत्तै झापाको पूर्वी नाकामा पनि कोरोना संक्रमण भित्रिन नदिन थप निगरानी बढाइएको छ । दैनिक रूपमा एन्टिजेन परीक्षण भइरहेको छ ।

खोप नलगाएकालाई खोप लगाउने काम पनि भइरहेको छ ।

नाकामा खटिएकी स्वास्थ्यकर्मी शान्ता भण्डारीले दैनिक औसतमा दुई सयभन्दा बढी शंकास्पद यात्रुहरूको एन्टिजेन परीक्षण भइरहेको जानकारी दिइन् । जसमध्ये औसतमा दैनिक ५ जना बढीमा कोरोना पोजिटिभ देखिएको छ । उनका अनुसार ७ दिनमा ५४ जनामा पोजिटिभ देखिएको छ । झापामा सोमबार २४ घण्टामा १२ जनामा कोरोना संक्रमण देखिएको छ । त्यसको अघिल्लो दिन आइतबार ३२ जनामा संक्रमण भेटिएको थियो ।खासगरी भारतको आसाम, दिल्ली, चेन्नईलगायतका ठाउँबाट भित्रिने यात्रुलाई 'शंकास्पद' मान्दै विशेष निगरानी गरिएको सशस्त्र प्रहरीको बोर्डर आउट पोस्टका इन्स्पेक्टर प्रेमकुमार राईले जानकारी दिए । 'पोजिटिभ देखिएका भारतीय यात्रुलाई भारततिरै फर्काइँदैछ', उनले भने,'नेपालीहरूलाई भने होम क्वारेन्टाइनमा बस्ने सर्तमा पठाइन्छ ।'

यसैबीच कोभिड संक्रमणले सोमबार थप एक जनाको मृत्यु भएको छ। योसँगै साउन महिनामै कोभिडबाट मृत्यु हुनेको संख्या ५ पुगेको छ। यसअघि आइतबार कोभिडका कारण २ जनाको मृत्यु भएको थियो। कोरोना संक्रमणबाट नेपालमा मृत्यु हुनेको संख्या ११ हजार ९ सय ५७ पुगेको छ।

पछिल्लो समय भारतमा कोरोना संक्रमण बढेसँगै नेपालमा पनि संक्रमण फैलिएको छ। पछिल्लो २४ घण्टामा नेपालमा थप ५६८ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। पछिल्लो ३ हजार ८४ पीसीआर र १ हजार ७ सय १६ एन्टिजेन परीक्षण गरिएको थियो । पीसीआर परीक्षणबाट ४५३ र एन्टिजेन परीक्षणबाट ११५ जनामा संक्रमण पुष्टि भएको हो। आइतबार ३ सय ४७ जनामा संक्रमण पुष्टि भएको थियो । स्वास्थ्य मन्त्रालयका अनुसार सोमबारसम्म सक्रिय संक्रमितको संख्या ३ हजार ५ सय ३४ जना पुगेको छ।

उपत्यकामा संक्रमण बढ्दै

पछिल्लो समय काठमाडौं उपत्यकामा संक्रमण बढ्दै गइरहेको छ। पछिल्लो २४ घण्टामा काठमाडौं जिल्लामा मात्र २ सय ४२ जनामा संक्रमण पुष्टि भएको छ। योसँगै काठमाडौंमा सक्रिय संक्रमितको संख्या १ हजार ९ सय ७६ पुगेको छ । त्यस्तै भक्तपुरमा १७ र ललितपुरमा ३६ जना संक्रमित थपिएका छन् । भक्तपुरमा सक्रिय संक्रमितको संख्या १ सय २ र ललितपुरमा ३ सय ४१ पुगेको छ।

नेपालमा पछिल्लो २४ घण्टामा ६३ हजार ३ सय ७२ मात्रा कोरोना खोप लगाइएको छ। अहिलेसम्म नेपालमा ४ करोड ८८ लाख ६० हजार ७ सय ३७ मात्रा खोप लगाइएको छ । त्यसमध्ये २ करोड ११ लाख ३५ हजार ७६ जनाले एक मात्रा, २ करोड ५ लाख ३५ हजार ८ सय ३८ जनाले पूर्ण मात्रा र ७१ लाख ९० हजार २ सय ३७ जनाले अतिरिक्त मात्रा लगाएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

आवश्यकता

यस प्रतिदिन दैनिकका लागि निम्न कर्मचारी आवश्यक भएकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।
पद-असिस्टेन्ट मार्केटिङ मेनेजर(पुरुष)
योग्यता- प्लस टु उत्तीर्ण
तलब -न्यूनतम १५ हजार
मोटरसाइकल चलाउन जान्ने र अनुभवीलाई बिशेष प्राथमिकता।विस्तृत जानकारीका लागि प्रतिदिन दैनिकको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रतिदिन दैनिक
बिर्तामोड-४ , भद्रपुर रोड
फोन नं. ५४३८२० , ९८५२६७५३४४, ९८४२६३४४२६

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

प्रेस विज्ञप्ती

पूर्वाञ्चल दैनिक पत्रिका तथा विभिन्न अनलाईन सञ्चारमाध्यमहरुमा मिति २०७९/०४/६ गते शुक्रवारका दिन 'अनुपस्थित वैठकको समेत भत्ता लिएको खुलासा' शीर्षकमा प्रकाशित समाचार प्रति विर्तामोड नगर कार्यपालिकाको कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ। यस सन्दर्भमा हरेक आर्थिक वर्ष सम्पन्न भएपछि नगरपालिकावाट भए गरेका सम्पूर्ण आर्थिक कारोवारहरुको आन्तरिक लेखापरीक्षण तथा महालेखा परीक्षणवाट अन्तिम लेखापरीक्षण नियमित रुपमा हुने गर्दछ । यसै क्रममा आर्थिक वर्ष २०७६/०७७ को महालेखा परीक्षणको प्रतिवेदनमा तत्कालिन जनप्रतिनिधि र कर्मचारीहरुको भत्ताको विषयमा जनप्रतिनिधिहरुको सेवा सुविधा सम्वन्धी प्रदेश कानून निर्माण नभएकोले पछि वनेको प्रदेश कानून अनुसार खाइपाई आएको सुविधामा जम्मा २० लाख ५१ हजार ६८७ रुपैयाँ रकम वेरुजु देखिएकोमा उक्त रकम अघिल्लो वर्ष २०७८ भित्रै फछ्र्यौट गरि वेरुजु हटाइसकेको व्यहोरा सवैमा जानकारीको लागि अनुरोध गर्दछौं । साथै यस प्रकारको समाचार प्रकाशन/प्रसारण गर्दा कार्यालयसँग सत्यतथ्य विवरण लिएर मात्रै गर्न गराउनु हुन अनुरोध गर्दछौ । वेरुजु फछ्र्यौट भएको रकमको विवरण विर्तामोड नगरपालिकाको आधिकारिक वेवसाइडमा समेत राखिएको जानकारी गराउँदछौं ।

०९/०४/०७९
अग्नि प्रसाद पाण्डे
प्रवक्ता
बिर्तामोड नगरपालिका

VACANCY ANNOUNCEMENT

Purna Tunga Birta City Hospital & Research Center,
Birtamode-1, Jhapa announces Vacancy for the following posts.........

Designations	Nos.	Qualification/Experience.
Hospital Floor Manager	02	At least one year experience in same department /Bachlor degree in hospital Management
House Keeping	02	Bachlor or above with basic computer knowledge
Marketing Officer	02	BBA with computer knowlege
Health Assistant (HA)	10	Fresher's are encouraged
Staff Nurse	10	Fresher's are encouraged
Auxillary Nurse Midwife (ANM)	10	Fresher's are encouraged
CMA	10	Fresher's are encouraged
Non Medical staff	05	+2 or above with good communication skill
Public Reation officer	01	+2 or above with good communication skill and Computer Knowledge

Interested Candidates are reuested to submit their C.V. on the following email address pt.birtacityhospital@gmail.com :WALK IN INTERVIEW

Contact No: 023-546580/544855/9862680000/9817923111

शोकाकुललाई समवेदना – कचनकवल ५ दलेगाउँका तीनजना किशोरी एउटै रूखमा झुन्डिएर मृत फेलापरेपछि तीन परिवारसहित पुरै गाउँ नै शोकमा डुबेको छ।सोमबार मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न तथा परिवारजनमा समवेदना प्रकट गर्न पूर्वउपप्रधानमन्त्री कृष्णप्रसाद सिटौला, कचनकवल गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद राजवंशी, उपाध्यक्ष नवराज भट्टराई एवम् वडा अध्यक्षहरूको उपस्थिति रहेको थियो`। परिवारको आर्थिक अवस्था कमजोर रहेकाले गाउँपालिकाका तर्फबाट मृतक परिवारमा चामल, तेल, दाल, नुन आदिजस्ता खाद्यान्न वितरण गरिएको थियो।

घाईते बनाई फरार व्यक्तिले गरे आत्मसमर्पण

कुमरखोद (प्रस)। झापा गाउँपालिका वडा नं. १ लसुनामा आफ्नै भाउजु र छिमेकी बालकलाई धारिलो हतियारले घाईते बनाई फरार रहेका व्यक्तिले १३ दिनपछि प्रहरीकहाँ आत्मसमर्पण गरेका छन्। घाइते बनाएर फरार भएका झापा गाउँपालिका वडा नं १ का अन्दाजी ३५ वर्षिय दुखिया राजवंशीले जिल्ला प्रहरी कार्यालय झापामा पुगेर आत्मसमर्पण गरेका हुन्।
राजवंशीले गत असार २८ गते मंगलबारका दिन बिहानै घरमा कोही नभएको मौका छोपी आफ्नै भाउजु सिमासरी राजवंशी र छिमेकी मोहन राजवंशीका ९ वर्षिय छोरा धनञ्जय राजवंशीलाई घाईते बनाएका थिए। घटनापछि फरार भएका राजवंशीले आफन्तको दवावमा जिल्ला प्रहरी कार्यालयमा आत्मसमर्पण गरेको बताइएको छ।

घाइते दुवै परिवारको आर्थिक अवस्था कमजोर छ। सिमासरीका श्रीमान्ले ४ लाख रुपैयाँ ऋण काढेर श्रीमतीको उपचार गराई घर ल्याएका छन् भने घाईते बालकका पिता मोहन राजवंशीले रकम अभावका कारण छोरालाई डिस्चार्ज दिएता पनि विएण्डसी अस्पतालबाट ल्याउन नसकिएको बताएका छन्। छोराको उपचारको लागि विभिन्न संघसंस्था र व्यक्तिलाई आर्थिक सहयोग गरिदिन उनले अपिल गरेका छन्।

आत्मसमर्पण गर्ने राजवंशीलाई ज्यान मार्ने उद्योगमा जाहेरी परकाले त्यसै अनुसार मुद्धा चलाईने जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी बसन्त पाठकले जानकारी दिएका छन्।

बृद्धाश्रममा आश्रित बृद्धबृद्धालाई खाद्यान्न

बिर्तामोड (प्रस)। झापा बिर्तामोड-४ को नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयले बृद्धाश्रममा आश्रित बृद्धबृद्धालाई खाद्यान्न वितरण गरेको छ।
शिक्षालयले बिर्तामोड-४ को परोपकार तथा अनुसन्धान केन्द्रद्वारा सञ्चालित हाम्रो घरमा रहेका बृद्धबृद्धालाई नरबहादुर कर्माचार्यको ९ औं स्मृति दिवसको अवसर पारेर सोमवार खाद्यान्न सामग्री वितरण गरेको हो।
समाजलाई रुपान्तरण र सशक्त बनाउनु पर्ने साथै राम्रो आचरण र सुखी समाजको परिकल्पनाकार समेत रहेका स्व. कर्माचार्यको सोचलाई सार्थक बनाउने उद्धेश्यले प्रत्येक बर्ष उनको स्मृतिमा रचनात्मक कार्य गर्दै आएको नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयका अध्यक्ष ज्योतिसिंह दर्लामीले जानकारी दिए। उनको स्मृतिमा स्थापना भएको नरबहादुर कर्माचार्य स्मृति बहुप्राविधिक शिक्षालयले बाली, पशु र बनका बिषयमा शिक्षा प्रदान गर्दै आएको बताउँदै होटल म्यानेजमेन्ट र फार्मेसी पनि सञ्चालनमा ल्याउने तयारी रहेको अध्यक्ष दर्लामीले बताए।
शिक्षालयका अध्यक्ष दर्लामीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व सञ्चारमन्त्री तथा नेकपा माओवादी केन्द्र प्रदेश नं. १ का इन्चार्ज राम कार्की (पार्थ) को प्रमुख आतिथ्य रहेको थियो। प्रमुख अतिथि कार्कीले शिक्षालयमा अध्ययनरत बिद्यार्थीलाई दिनमा एक घण्टा बृद्धाश्रममा आएर बुवाआमाको सेवा गर्न आग्रह गरे। उनले दिनमा एक घण्टा पनि नभए बर्षमा २० घण्टा एकजना बिद्यार्थीले बृद्धाश्रममा आएर बृद्धबृद्धाको सेवा गर्नु पर्नेमा जोड दिए। कम्युनिष्टकै जनप्रतिनिधि उक्त नगर तथा वडामा भएपनि बृद्धाश्रमका लागि खासै कार्य नगरेकोप्रति कार्कीले दुःख ब्यक्त गरे। बृद्धबृद्धालाई खाद्यान्न प्रदान गर्दै कार्कीले आफूले सकेको सहयोग गर्ने प्रतिवद्धता समेत ब्यक्त गरे।
बृद्धाश्रमका कार्यालय सचिव बेनुप्रसाद भट्टराईले आश्रममा हाल १२ जना बृद्ध र १४ बृद्धा गरी जम्मा २६ जना आश्रित रहेको जानकारी दिए। त्यस्तै उनीहरुको स्याहारसुसारका लागि ४ जना कर्मचारी रहेको बताए। विभिन्न संघसंस्था तथा ब्यक्तिहरुको सहयोगले आश्रम चलिरहेको उनको भनाई थियो।

कार्यक्रममा शिक्षालयका कोषाध्यक्ष प्रकाश भट्टराई, नेकपा माओवादी केन्द्र बिर्तामोड नगर उपाध्यक्ष कमलप्रसाद कडरियालगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन शिक्षालयका सचिव जयप्रसाद भट्टराईले गरेका थिए।

एक्सेल...

मिति २०७८ चैत्र २९ गतेदेखि प्रमुख कार्यकारी अधिकृतमा डा. ईन्द्रकुमार कट्टेललाई नियुक्ति गरिएको छ।
२४. कोभिड-१९ का कारण बैंकको व्यवसायमा परेको प्रभाव :
कोभिड-१९ का कारण ऋण असुलीमा परेको प्रभावले कर्जा नोक्सानीमा बृद्धि एवं कर्जा विस्तारमा संकुचन जस्ता चुनौतीपूर्ण अवस्थाले यस बैंकको व्यवसाय विस्तार एवं मुनाफा बृद्धिमा समेत प्रभाव पर्न गएको छ। महामारी न्यूनीकरणका लागि लागू गरिएका नियन्त्रणात्मक व्यवस्थालाई सहज गरिएसँगै अर्थतन्त्र सामान्यतर्फ उन्मुख रहने अपेक्षा गरिएको छ।
२५.मर्जर तथा प्राप्ति सम्बन्धमा :
यस बैंक तथा अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिन (Merger) प्रयोजनको लागि पन्धौं वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त वैंक तथा वित्तीय सस्थासंग एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने सम्बन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतीपत्र (Memorandum Of Understanding) मा हस्ताक्षर गर्न :भचनभच तथा ब्अत्रगष्कक्तष्यल समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (म्गभ मर्षिभलअभ ब्गमष्त) गर्न मुल्यांकनकर्ताको नियुक्ति गर्न, निजको पारिश्रमिक निर्धारण गर्न, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका :भचनभच तथा ब्अत्रगष्कक्तष्यल सम्बन्धमा आवश्यक सम्पूर्ण कार्य प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने गरी विशेष प्रस्ताव सभामा पेश गरिएको छ।
२६. लेखापरीक्षकको नियुक्ति
लेखापरीक्षण समितिको सिफाशिसमा आ.व. २०७७/७८ का लागि बैंकको हिसाब किताबको लेखापरीक्षण गर्न श्री पि.बी.के.पी. एण्ड एसोसियट्स, चार्टड एकाउण्टेन्ट्सलाई लेखापरीक्षक नियुक्त गरिएको थियो। आर्थिक वर्ष २०७८/०७९ को लागि लेखापरीक्षकको नियुक्ति साधारणसभाले गर्नुपर्ने हुन्छ। लेखापरीक्षकको नियुक्तिको लागि छुट्टै एजेण्डा राखिएको छ।
(एक्सेल डेभलपमेन्ट बैंकका अध्यक्ष गोयलले १६ औं साधारणसभामा प्रस्तुत गरेको वार्षिक प्रतिवेदन लेखकको रुपमा राखेका छौं।)

प्रदेशभरि कार्यक्षेत्र विस्तार गर्ने एक्सेल बैंकको लक्ष्य

बिर्तामोड (प्रस)। एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको सोह्रौ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ।संचालक समितिका अध्यक्ष महेन्द्रकुमार गोयलको अध्यक्षतामा भएको वार्षिक साधारणसभाले आर्थिक वर्ष २०७७/०७८ को वितरणयोग्य संचित मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पुँजी रु १ अर्ब १५ करोड १७ लाख ९२ हजारको ८.५० प्रतिशतका दरले बोनस शेयर र उक्त बोनश शेयरवापतको कर प्रयोजनको लागि ०.४५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। साथै बैंकको कार्यक्षेत्र प्रदेश नं. १ का सबै जिल्लाहरुमा विस्तार गर्ने प्रस्तावसमेत पारित गरेको छ।
झापा जिल्लाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी र पा'चथरका विभिन्न ४४ शाखा कार्यालयमार्फत ग्राहकहरुसमक्ष बैंकिङ सेवा प्रदान गरिरहेको छ। चालु आर्थिक वर्षमा प्रदेश नं. १ भरि आफ्नो कारोवार सञ्चालन गर्ने उद्धेश्यका साथ आवश्यक न्यूनतम चुक्ता पुँजी पुरा गरिसकेको हुनाले नियामक निकायको स्वीकृति लिई आफ्नो कार्यक्षेत्र विस्तार गर्दै कार्यक्षेत्रभित्रका जिल्लाहरुमा थप नयाँ शाखाहरु बिस्तार गर्ने लक्ष्य रहेको छ।
सञ्चालक समितिका अध्यक्ष गोयलले उद्घाटन गरेको उक्त सभामा स्वागत मन्तव्य सञ्चालक राजन शर्माले गरेका थिए भने सभाका सहभागीहरुलाई सहभागिताका लागि धन्यवाद मन्तव्य संचालक पर्शुराम दाहालले गरेका थिए। कार्यक्रमको संचालन कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए। सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेलले बैंकका वर्तमान गतिविधिका वारेमा प्रकाश पारेका थिए। संस्थापक शेयरधनीहरु डा. रुपक खनाल र सुरेशकुमार अग्रवालका साथै बैंकका पूर्व अध्यक्ष हेमराज ढकालले बैंकको उन्नति र प्रगतिका लागि शुभकामना मन्तव्य राखेका थिए।

(अध्यक्ष गोयलको वार्षिक प्रतिवेदन पृष्ठ २ मा)

बिर्तामोडमा...

हुँदै कमलविनायक जाँदै गरेको बा२ख ३५८४ नंको बस र दूधपाटीबाट सल्लाघारीतर्फ जाँदै गरेको बा६१प ३९७८ नंको स्कुटरलाई ढलेको रूखले किच्दा बसमा सवार दुई तथा स्कुटरमा सवार एकजनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा बसमा सवार भक्तपुर नगरपालिका-२ व्यासीका २५ वर्षीय विशेष खर्बुजा, चाँगुनारायण नगरपालिका-२ का ५५ वर्षीय न्हुच्छेराम बखाद्यो र स्कुटरमा सवार सर्लाहीको हरिवन नगरपालिका-४ का ४५ वर्षीय राजकुमार भुजेल रहेको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक राजु पाण्डेले जानकारी दिए।
त्यस्तै सुनसरीको बराहक्षेत्र नगरपालिका-९ कोशी टप्पु बन्यजन्तु आरक्षणमा सिसौको रुखले किचेर स्कुटी चालकको मृत्यु भएको छ।
मृत्यु हुनेमा धरान उप-महानगरपालिका-११ का २८ बर्षीय धिरज तामाङ रहेका छन्। आइतबार दिउँसो साढे ३ बजे कोशी टप्पु बन्यजन्तु आरक्षणमा घुम्ने क्रममा प्र. १. ०२-०४४ प ६६८१ न. को स्कुटी चालक रहेका तामाङको सुकेको सिसौको रुख अचानक ढली किचेर घटनास्थलमा नै मृत्यु भएको हो भने पछाडी सवार धरानकै २८ बर्षीय संगेन्द्र बिष्ट घाईते भएका थिए। घाईतेको बिराट नर्सिङ होम बिराटनगरमा उपचार भईरहेको छ। घटनास्थलमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट प्रहरी टोली खटिगई थप अनुसन्धान भईरहेको छ।

अवैध काठसहित मारुती भ्यान नियन्त्रणमा

झापा (प्रस)। गैंडे सामुदायिक बनबाट तस्करी हुँदै गरेको ४० क्यु.फिट सखुवा काठसहित मारुती भ्यान प्रहरीले नियन्त्रणमा लिएको छ।
सोमबार बिहान ५.५० बजे शिवसताक्षी १० स्थित गैंडे सामुदायिक बनमा काठ तस्करी हुँदै गरेको सूचना अनुसार अस्थायी प्रहरी चौकी माईधार र गैंडे सामुदायिक बनको कर्मचारीको संयुक्त टोलीले उक्त बनबाट मे १ च ११६४ नं.को मारुती भेनमा सखुवा जातको ४० क्यु.फिट.काठ लोड गरी लाँदै गर्दा नियन्त्रणमा लिएको हो।
कन्काई ४ मा टोली पुग्दा तस्कर भागेको र गाडी र काठ दुवैलाई नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि गैंडे सामुदायिक बनलाई बुझाएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हल्दीबारीमा १२ वर्षीया बालिका बलात्कृत

झापा (प्रस)। झापाको हल्दीबारीमा १२ वर्षीया बालिकालाई बलात्कृत भएकी छिन्। बालिकाले छिमेकीबाटै बलात्कृत भएको बताएपछि परिवारजनले सोमबार जिल्ला प्रहरी कार्यालय झापामा उजुरी दिएका छन्।
प्रहरीले सोही उजुरीको आधारमा ती आरोपीलाई पक्राउ गरेको छ। उनलाई प्रहरीले सोमबार दिउँसो हल्दीबारीबाटै पक्राउ गरेको हो। पक्राउ पर्ने व्यक्ति चालक हुन्।
प्राप्त सूचना अनुसार बालिकाको पेटमा २८ हप्ताको गर्भ रहेको छ। बालिकाको सुरक्षित गर्भपतनसहित उद्धारको काम मंगलवार हुने जनाइएको छ।

आवश्यकता

यस रेड पान्डा अटो प्रालिका लागि निम्न कर्मचारी आवश्यक भएकाले आफ्नो बायोडाटा सहित इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला।

१. मार्केटिङ्ग मेनेजर संख्या : २ जना
(मोटरसाईकलको लाईसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता)
२. एकाउन्टेन्ट : १ जना
(एकाउन्ट तथा ट्याली वा सो सम्बन्धी जानकार भएको)
तलब : आपसी सम्झदारीमा
मोटरसाइकल चलाउन जान्ने र अनुभवीलाई बिशेष प्राथमिकता।
विस्तृत जानकारीका लागि सम्पर्क:

रेड पान्डा अटो प्रा.ली.
बिर्तामोड, फोन नं. ९८०१५२२२७५,९८०१५२२२८४

हार्दिक निमन्त्रणा
निम्न मिति, समय र स्थानमा यहाँहरुको बजार
भद्रपुर न.पा. ३, ज्ञानेचोकमा
सुपथ मूल्यको सहकारी पसल
पारिजात डिपार्टमेन्ट स्टोर
को शुभारम्भ (उद्घाटन) कार्यक्रममा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं।
मिति : २०७९ साउन १४ गते शनिबार
समय : बिहान ११:०० बजेदेखि
स्थान : भद्रपुर न.पा.-३, ज्ञानेचोक
सम्पर्क : ९८०१४५१६६२, ९८०१४५१६७३
धौलागिरी पारिजात
बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
मुख्य कार्यालय: बिर्तामोड ४, झापा ०२३-५४२६६४

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बिर्तामोड नगरपालिका

सामाजिक सुरक्षा परिचयपत्र
नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना

जेष्ठ नागरिक
एकल महिला
अशक्त/अपाङ्ग
लोपोन्मुख जाति
बालबालिका

सामाजिक सुरक्षा नियमावली २०७६ (पहिलो संशोधन) को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०७९ श्रावण १ गते देखि कार्तिक मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरिन्छ। साथै २०७९ भाद्र मसान्त भित्र नाम नविकरण गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको पहिलो त्रैमासिक किस्ता २०७९ आश्विन महिनामा र आश्विन र कात्तिक महिनामा नविकरण गर्ने लाभग्राहीहरुको पहिलो किस्ता मंसिरमा मात्र निकासा हुने हुँदा असोज महिनामै भत्ता लिनका लागी २०७९ भाद्र मसान्त भित्रै नविकरण गरिसक्नु हुन जानकारी गराइन्छ। बालबालिका, पूर्ण अपाङ्गता, ९० वर्षमाथीका लाभग्राहीहरुको हकमा संरक्षक र आफै उपस्थित हुन नसक्नेको हकमा नेपाल मेडिकल काउन्सिल (NMC Register) डक्टरले प्रमाणित गरेको पत्र मार्फत संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ।

नोट : तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छैन।

आवश्यक कागजातहरु

- नागरिकता प्रमाण पत्रको फोटोकपी
- पासपोर्ट साइजको १ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्म दर्ताको फोटोकपी र संरक्षकको नागरिकताको फोटोकपी
- असहाय एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी र अर्को विवाह नगरेको प्रमाण
- अपाङ्गताको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको फोटोकपी

बिर्तामोड नगरपालिका
राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण शाखा

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

राई मुख्यमन्त्रीको स्वार्थ

अरू सबै प्रदेशको नामकरण भइसक्यो तर,१ नं प्रदेशको नामकरण अझै हुन सकिरहेको छैन । यसको मुख्य कारण हो यहाँका राई मुख्यमन्त्रीहरु । अहिलेका मुख्यमन्त्री राजेन्द्रकुमार राई र यसअघिका मुख्यमन्त्री शेरधन राईको जातीय स्वार्थकै कारण नामकरण हुन नसकेको प्रष्ट छ । राई थरका दुवै मुख्यमन्त्रीले आफ्नो जाति मात्र हेर्दै आएका छन् । पहिलाका शेरधन र अहिलेका राजेन्द्रले किराँत प्रदेशको स्वार्थ राख्दा सहमति हुन नसकेको हो । अहिले पनि प्रदेश नम्बर १ को भने अझै न्वारन हुन सकेन । प्रदेशसभा सदस्यहरूलाई मतदातालाई कसरी मुख देखाउने भनेर लाज लागेको होला ।

मूलतः प्रदेशको नामकरण पहिचानका आधारमा गर्ने कि भूगोलको भन्ने विवादले नै नाम टुङ्याउन नसकिएको देखिन्छ । बाँकी प्रदेश लगभग सबैको भूगोलको आधारमा नामकरण भएको छ ।

संविधानले प्रदेशको नामकरण प्रदेशसभाको दुईतिहाइ बहुमतले गर्नसक्ने व्यवस्था गरेको छ । प्रदेश नम्बर १ मा भने नामकरणको विषयलाई अहिलेसम्म मतदानको चरणसम्मै पुऱ्याइएन ।

नामकरणका आधारमा प्रदेश १ को जनमत निकै विभाजित देखियो । चर्को विभाजनका कारक पनि राजनीतिक दलका नेता, कार्यकर्ता नै हुन् । यिनैले झोसेको विभाजनको आगो अहिले दन्किएको हो ।

विवादका कारण निर्णय गर्न नसक्ने अवस्थामा पुगेका प्रदेशसभाका सदस्यहरू नामकरणका लागि जनमत संग्रह गर्ने माग गर्न थालेका छन् । जनमत संग्रहमा पुग्नु अर्को भूल र नालायकी हुनेछ । सर्वसम्मतिबाट निर्णय हुन नसके प्रदेशसभाको बहुमतलाई नै आधार मानेर नामकरण गरे हुन्छ । त्यस्तो मतदानमा दलहरूको ह्विप नलगाई प्रदेश सभाका सदस्यले स्वतन्त्ररूपमा गोप्य मत दिने व्यवस्था हुनुपर्छ ।

गोप्य मतदानमा सबैभन्दा बढी मत पाउने नामहरूका बीचमा पुनः मतदान गरेर बहुमत पाउने नामलाई सबैले सहजरूपमा स्वीकार गर्नु लोकतान्त्रिक हुनेछ । गोप्य मतदान भएमा प्रदेशसभा सदस्यले कसैको घुर्की र धम्की सुन्नु पनि पर्ने छैन ।

यसैले अर्को प्रदेशसभाले नामाकरणमै अल्झिन नपर्ने र नामकरणजस्तो विषयलाई दलगत राजनीतिक स्वार्थको विषय बनाउन नदिने हो भने गोप्य मतदानबाट प्रदेशको नाम राख्नु नै उत्तम उपाय देखिन्छ ।

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

एक्सेल डेभलपमेन्ट बैंकको वार्षिक प्रतिवेदन

– महेन्द्रकुमार गोयल

१. देशको आर्थिक तथा बैंकिग परिसूचकहरू :

आर्थिक वर्ष २०७७/७८ को वार्षिक तथ्याङ्कमा आधारित रही नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको देशको आर्थिक तथा वित्तीय स्थितिको संक्षिप्त विवरण निम्न बमोजिम रहेको छ ।

१.१ **आर्थिक वृद्धिदरः** आर्थिक वर्ष २०७७/७८ मा देशको अर्थतन्त्र ४.०१ प्रतिशतले वृद्धि भएको केन्द्रीय तथ्याङ्क विभागको प्रारम्भिक अनुमान रहेको छ । २०७७ चैत्रबाट गरिएको बन्दाबन्दीको कारण आर्थिक वर्ष २०७६/७७ मा देशको अर्थतन्त्र २.०९ प्रतिशतले संकुचन भएको थियो । आर्थिक वर्ष २०७७/७८ मा कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.६४ प्रतिशत, ५.०५ प्रतिशत र ४.४३ प्रतिशत रहेको अनुमान गरिएको छ । कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५.८३ प्रतिशत, १३.११ प्रतिशत र ६१.०६ प्रतिशत रहेको छ ।

१.२ **मुद्रास्फिति** : आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फिति ३.६० प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फिति ६.१५ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा खाद्य तथा पेय पदार्थ समूहको वार्षिक औसत मुद्रास्फिति ५.०० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको वार्षिक औसत मुद्रास्फिति २.५१ प्रतिशत रहेको छ ।

१.३ **वैदेशिक व्यापार** : आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु निर्यात ४४.४ प्रतिशले वृद्धि भई रू.१४१ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष निर्यात ०.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ५१.७ प्रतिशत र २७.७ प्रतिशतले वृद्धि भएको निर्यात चीनतर्फ १४.७ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा सोयाविन तेल, अलैंची, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान, ऊनी गलैंचालगायतका वस्तुको निर्यात बढेकोमा पाम तेल, दाल, जस्तापाता, तार, चोकरलगायतका वस्तुको निर्यात घटेको छ । अघिल्लो वर्ष १५.६ प्रतिशतले कमी आएको कुल वस्तु आयात आर्थिक वर्ष २०७७/७८ मा २८.७ प्रतिशतले वृद्धि भएर रू.१५३९ अर्ब ८४ करोड कायम भएको छ । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात ३२.१ प्रतिशत, २८.६ प्रतिशत र १९.६ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, एम.एस.बिलेट, चामल, सुनलगायतका वस्तुको आयातमा वृद्धि भएकोमा हवाईजहाजका पार्टपुर्जा, कच्चा पाम तेल, भिडियो, टेलिभिजन तथा पार्टपुर्जा, कोल्डरोल्ड सिट इन्क्वाइल, सुपारीलगायतका वस्तुको आयात घटेको छ । आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु व्यापार घाटा २७.३ प्रतिशतले वृद्धि भई रू.१३९८ अर्ब ७१ करोड कायम भएको छ । अघिल्लो वर्ष यस्तो घाटा १६.८ प्रतिशतले घटेको थियो । अघिल्लो वर्ष ८.२ प्रतिशत रहेको निर्यात-आयात अनुपात समीक्षा वर्षमा ९.२ प्रतिशत पुगेको छ ।

१.४ **विप्रेषण आप्रवाह** : आर्थिक वर्ष २०७७/७८ मा विप्रेषण आप्रवाहमा ९.८ प्रतिशतले वृद्धि भई रू.९६१ अर्ब ५ करोड कायम हुन पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ०.५ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ६२.८ प्रतिशतले घटेको छ ।

१.५ चालु खाता एवं शोधानान्तर स्थिति : अघिल्लो वर्ष रू.३३ अर्ब ७६ करोड घाटामा रहेको चालु खाता घाटा आर्थिक वर्ष २०७७/७८ मा रू.३३३ अर्ब ६७ करोड रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा शोधानान्तर स्थिति रू.१ अर्ब २३ करोडले बचतमा रहेको छ । अघिल्लो वर्ष शोधानान्तर स्थिति रू.२८२ अर्ब ४१ करोडले बचतमा रहेको थियो ।

१.६ **विदेशी विनिमय सञ्चिति** : आर्थिक वर्ष २०७७/७८ को अन्त्यमा कुल विदेशी विनिमय सञ्चिति अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.२ प्रतिशतले कमी आई रू.१३९९ अर्ब ३ करोड पुगेको छ । आर्थिक वर्ष २०७७/७८ को आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग ११.२ महिनाको वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने विदेशी विनिमय सञ्चिति रहेको थियो ।

१.७ **निक्षेप परिचालन** : आर्थिक वर्ष २०७७/७८ मा विकास बैंकहरूको निक्षेप २५.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष यस्तो निक्षेपमा ६.९ प्रतिशतले कमी आएको थियो। २०७८ आषाढमा विकास बैंकहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः ३.१२ प्रतिशत, ३१.३७ प्रतिशत र ५४.६० प्रतिशत रहेको छ ।

१.८ **कर्जा प्रवाह** : समीक्षा वर्षमा विकास बैंकहरूको कर्जा तथा लगानी २७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो कर्जा तथा लगानीमा ९.५ प्रतिशतले कमी आएको थियो । कर्जा तथा लगानीका अंशहरूमध्ये निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३०.५ प्रतिशतले वृद्धि आई २०७८ असार मसान्तमा रु. ३७४ अर्ब १८ करोड कायम भएको छ, जुन कुल गार्हस्थ्य उत्पादनको ८.८ प्रतिशत हुन आउँछ ।

कारोबार वृद्धिको तथ्यगत विवरण

क्र.सं.	विवरण	०७८ आषाढ	०७७ आषाढ	गत आ.व.को तुलनामा फरक	
				रकम	प्रतिशत
१	चुक्ता पुँजी	८११,१२१	८११,१२१	-	-
२	जगेडा तथा कोष	५००,६६५	३३४,९८६	१६५,६७९	४९.४६
३	निक्षेप	११,३९६,९४६	१०,१४१,१७४	१,२५५,७७१	१२.३८
४	कर्जा सापट	९,५५८,३४०	७,९००,१२२	१,६५८,२१८	२०.९९
५	कुल आम्दानी	१,०५९,६०१	१,१५७,८२८	(९८,२२७)	(८.४८)
५.१	ब्याज आम्दानी	९४९,८६४	१,०६५,६९७	(११५,८३२)	(१०.८७)
५.२	अन्य आम्दानी	१०९,७३७	९२,१३१	१७,६०५	१९.११
६	कुल खर्च	८७३,२४२	१,००८,४२७	(१३५,१८६)	(१३.४१)
६.१	ब्याज खर्च	४९२,४३९	५९४,८५९	(१०२,४२०)	(१७.२२)
६.२	संचालन तथा अन्य खर्च	३८०,८०३	४१३,५६८	(३२,७६५)	(७.९२)
७	संचालन नाफा	१८६,३५९	१४९,४००	३६,९५९	२४.७४
८	खुद नाफा	१३३,६८२	१०३,६६२	३०,०२०	२८.९६

१.९ **ब्याजदर** : ९१ दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर २०७८ आषाढमा ४.५५ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ब्याजदर १.२७ प्रतिशत रहेको थियो । वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७८ आषाढमा ४.१२ प्रतिशत कायम भएको छ । यस्तो ब्याजदर २०७७ आषाढमा ०.३५ प्रतिशत रहेको थियो । विकास बैंकहरूको औसत आधार दर र औसत ब्याजदर अन्तर २०७८ आषाढमा क्रमशः ९.९१ प्रतिशत र ४.८६ प्रतिशत कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो औसत आधार दर र औसत ब्याजदर अन्तर क्रमशः ८.०९ प्रतिशत र ४.५२ प्रतिशत रहेका थिए ।

चालू वर्षको ९ महिनासम्मको प्रगति तथा गत आ.व.को सोहि अवधिको प्रगतिसंगको तुलनात्मक विवरण

क्र.सं.	विवरण	२०७८ चैत्र मसान्त	२०७७ चैत्र मसान्त	फरक
१	कुल निक्षेप	११,२५९,४९७	११,०४४,५१६	२१४,९८०
२	कुल कर्जा साँवा	१०,६९८,९५८	९,३८९,८८२	१,३०९,०७६
३	कुल आम्दानी	९२९,२१३	७७८,१०८	१५१,१०५
३.१	ब्याज आम्दानी	८७५,५३८	६८६,५३१	१८९,००७
३.२	अन्य आम्दानी	५३,६७५	९१,५७८	९३७,९०३०
४	कुल खर्च	७४८,९५५	६०९,९०२	१३९,०५३
४.१	ब्याज खर्च	५३८,५०८	३५९,३४८	१७९,१५९
४.२	संचालन तथा अन्य खर्च	२१०,४४७	२५०,५५४	९४०,१०६०
५	संचालन नाफा	१८०,२५८	१६८,२०६	१२,०५१
६	खुद नाफा	१०५,८६५	११७,७४४	९११,८७९०

२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो कुराः

लामो समयदेखि विश्वमा देखा परेको कोरोना भाइरस ९ऋयखष्म(ज्ञढ० बाट सिर्जना भएको आर्थिक संकटको स्थिति एकातिर देखा परेको छ भने, बढ्दो व्यापार घाटा, देशमा उद्योग धन्दा फस्टाउन नसकेको अवस्था, पुँजी वृद्धिसंगै कारोबार विस्तार गर्न कठिनाई, बैंकहरुमा तरलताको अभाव, कोरोना भाइरस ९ऋयखष्म(ज्ञढ० का कारण ऋण असूलीमा परेको प्रभावले कर्जा नोक्सानीमा बृद्धि एवं कर्जा विस्तारमा संकुचन जस्ता चुनौतीपूर्ण अवस्थाले यस बैंकको व्यवसाय विस्तार एवं मुनाफा बृद्धिमा समेत प्रतिकूल असर पर्न गएको छ। यस परिस्थितिका बावजुद पनि बैंकलाई सफलतापूर्वक संचालन गर्न र निर्धारण गरिएका लक्ष्यहरु प्राप्त गर्न संचालक समिति प्रतिबद्ध रहेको छ ।

३. बैंकको विगत वर्षको कारोवारको सिंहावलोकन :

देशमा देखिएका समग्र चुनौतीहरुको बावजुद यस बैंकले आफ्ना आदरणीय ग्राहक महानुभावहरुबाट प्राप्त गरेको सकारात्मक सहयोग तथा विश्वासलाई उत्साहपूर्वक उपयोग गरी आफ्नो कारोबार विस्तार गरेको छ ।

बैंकको निक्षेप तथा कर्जामा अघिल्लो वर्षभन्दा समीक्षा वर्षमा क्रमशः १२.३८ % र २०.९९ %ले वृद्धि भएको तथा खुद नाफातर्फ २८.९६ % ले बृद्धि भएको छ।

४. आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमास सम्ममा हासिल उपलब्धिहरू :

चालू आ.व.को नौ महिनासम्ममा बैंकले रु.११,२५९,४९७ हजार निक्षेप संकलन गरी रु. १०,६९८,९५८ हजार कर्जा लगानी गरेको छ । साथै बैंकले चालु आ.व.को नौ महिना सम्ममा संचालन तथा खुद नाफा क्रमशः रु. १८०,२५८ हजार र रु. १०५,८६५ हजार हासिल गरेको छ ।

५.बैंकको कार्यक्षेत्र तथा शाखा सञ्जालः

झापा, इलाम, मोरंग, सुनसरी र पाँचथर गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको यस बैंकका हाल ४४ शाखाहरु संचालनमा छन् । बैंकिङ्ग सुविधाबाट टाढा रहेका ग्रामीण इलाकाहरुमा बैंकिङ्ग सुविधा उपलब्ध गराउन शाखारहित बैंकिङ्ग सेवा ९द्यचबलअजभिकक द्यबलपष्लन० को अवधारणा अध्ययन गरी सुविधा प्रदान गर्ने व्यवस्था गरिने छ ।

६. बैंकको भावी योजनाहरू :

क) बैंकको बढ्दो पूँजी अनुरुप कार्यसंजाल विस्तार गरी प्रदेश नं. १ को पहिलो प्रादेशिक बैंक बन्ने दिशातर्फ बैंक अगाडी बढेको छ ।

ख) कर्जातर्फ ःष्अचय रकःभ लाई प्राथमिकता दिई कर्जा प्रोसेसिंगलाई अझ सरल, छिटो एवं सुरक्षित तरिकाले लगानी गर्न आवश्यक व्यवस्था गरिनेछ ।

ग) निक्षेपतर्फ ग्राहकको आवश्यकतालाई प्राथमिकतामा राखी प्रतिष्पर्धात्मक एचयमगअत हरु नियमित रुपमा ल्याउने व्यवस्था गरी रिटेल डिपोजिटको अंश बढाउनको लागि आवश्यक रणनीति तर्जुमा गरिनेछ ।

घ) हाल यस बैंकको एउटा मात्र ब्त्ः ःबअजष्लभ रहेकोले ग्राहकको मागबमोजिम व्यवसाय विस्तारको लागि आवश्यक स्थानमा ब्त्ः थप गरिनेछ ।

ङ) नगदरहित कारोबारलाई प्रोत्साहन गर्न आवश्यक प्रविधिमा विशेष ध्यान दिइनेछ र ःयदषभ द्यबलपष्लन, त्तच ऋयमभ एबथक्ष्भलत, च्त्न्ब, ऋयचउयचबतभ एबथ जस्ता सुविधाहरुको व्यापक प्रयोगको लागि प्रवर्द्धन गरिनेछ ।

७. सञ्चालक समितिमा भएको हेरफेर र त्यसको कारण :

समीक्षा वर्षमा सञ्चालक समितिमा कुनै हेरफेर भएको छैन ।

८. ग्राहक सम्बन्ध :

बैंकको ग्राहक संख्यामा निरन्तर वृद्धि भैरहेको छ र हाल यस बैंकको ग्राहक संख्या १ लाख ७० हजार नाघिसकेको छ । ग्राहकहरुको सेवामा बैंक समर्पित हुनुपर्छ भन्ने मान्यताको आधारमा बैंकका हरेक गतिविधिहरु निर्देशित रहेका छन् । ग्राहकहरुको आवश्यकता अनुरुपका कर्जा तथा निक्षेपतर्फ विभिन्न प्रकारका सेवा प्रारम्भ गर्दै समयानुकुल सुविधा प्रदान गर्न बैंक प्रतिवद्ध रहेको छ ।

१५. कर्जा लगानी तथा व्यवस्थापन :

बैंकको प्रमुख गतिविधि कर्जा लगानी नै भएकोले यस बैंकले विशेष गरी कृषि, लघु तथा घरेलु तथा साना एवं मझौला उद्योगहरु जस्ता उत्पादनमुलक व्यवसायमा प्राथमिकता दिइरहेको छ । आर्थिक सबलीकरणका लागि उद्यमशीलताका विकास र प्रवर्द्धन हुन अति जरुरी भएकोले विभिन्न समयमा उद्यमशीलता तालिम आयोजना गरिरहेको छ ।नेपाल राष्ट्र बैकको निर्देशन वमोजिम २०७९ असार मसान्तमा यस बैंकले आफ्नो कुल कर्जा तथा सापट रकमको न्यूनतम १७ प्रतिशत रकम प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नु पर्ने हुन्छ । सोही वमोजिम यस बैंकले समेत विपन्न वर्ग कर्जा, व्याज अनुदान कर्जा, युवा तथा साना व्यवसायी स्वरोजगार कर्जा, जलविद्युत/उर्जा, पर्यटन, निर्यात, साना तथा मझौला उद्योग, औषधी उत्पादन, सिमेन्ट, गार्मेन्ट उद्योग जस्ता प्राथमिकता प्राप्त क्षेत्रहरुमा सहज रुपले कर्जाहरु प्रवाह गरी कर्जा सुबिधा प्राप्तिमा समग्र क्षेत्रको पहुँच बृद्धि गर्दै लगेको छ ।

यस बैंकको शाखाको बढोत्तरी, नेटवर्क बिस्तार तथा ग्राहकवर्गमा सघन बैंकिङ्ग सेवासुविधाहरु प्रदान गर्ने उद्देश्यले हाल सनराईज बैंक लि. संग सम्झौता तथा सहकार्य गरी प्रतितपत्र सुविधा, बैंक जमानत सुविधा, ऋचभमष्त ीष्लभ ऋभचतषष्अबतभ जस्ता गैरकोषमा आधारित कर्जा सुविधाहरु प्रदान गर्ने गरी आवश्यक व्यवस्था गरिएको छ ।

कर्जा स्वीकृती प्रकृयालाई म्भ्चत्ष्रभ गरिएको छ जस्ले गर्दा फाइलको त्चबअपष्लन गर्न सकिने भएकोले ग्राहकलाई छिटोछरितो तरीकाले सेवा उपलब्ध गराउन सहज भएको छ ।

१६. जोखिम व्यवस्थापन :

गैर कार्यकारी संचालकको संयोजकत्वमा ने.रा.वैंकको निर्देशन वमोजिम हुने गरी जोखिम व्यवस्थापन समिति गठन गरिएको छ र उक्त समितिले आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनका विषयमा नियमित अनुगमन गरी आवश्यक निर्णय लिन व्यवस्थापनलाई सुझाव तथा निर्देशन दिइरहेको छ ।

त्यस्तैगरी जोखिम व्यवस्थापन विभागले कर्जा जोखिम, संचालन जोखिमलगायतका अन्य जोखिमहरुको नियमित अनुगमन गर्ने, पहिचान गर्ने तथा आवश्यक निर्देशन दिने कार्यहरु गरिरहेको छ । हाल समग्र वित्तीय क्षेत्र तरलता अभावको समस्याबाट प्रताडित छ । यसको प्रत्यक्ष प्रभाव वैंकको व्यवसाय विस्तारमा पर्नुको साथै विद्यमान कर्जाको गुणस्तरमा समेत ह्रास आउने संभावना पनि उत्तिकै रहेको छ । तरलता अभाव र कर्जा जोखिमका चुनौतीलाई सामना गर्न समयसापेक्ष कार्ययोजना निमार्ण गरी प्रभावकारी कार्यान्वयन गर्न बैंक प्रतिबद्ध रहेको छ ।

१७. सम्पत्ति शुद्धिकरण निवारण :

गैर कार्यकारी संचालकको संयोजकत्वमा ने.रा.वैंकको निर्देशन वमोजिम हुने गरी सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी समितिको गठन गरिएको छ । उक्त समितिको नियमित वैठक बसी व्यवस्थापनलाई उचित सुझाव तथा निर्देशन दिने गर्दछ । ने.रा.वैंकको निर्देशन बमोजिम प्थ्ऋ गउमबतभ का कार्यहरु, म्यचकबत ब्अअयगलतक को अनुगमन, ग्राहकको जोखिम वर्गिकरण, लाभग्राहीको पहिचान जस्ता विविध कार्यहरु नियमित रुपमा सम्पन्न भइरहेको छ ।

१८. मानव संशाधन :

समीक्षा आर्थिक वर्षको अन्तमा बैंकमा स्थायी तथा करारमा गरी २६६ जना कर्मचारी कार्यरत छन् । बैंकको कारोबार, सुसंचालन, विकास तथा विस्तारका लागि अति आवश्यक साधन बैंकका जनशक्ति नै हुन भन्ने कुरामा दुईमत छैन । बैंकले मानव संशाधनका श्रोतको रुपमा रहेका कार्यरत जनशक्तिहरुको उत्पादकत्व वृद्धि गर्न कार्यदक्षता अभिबृद्धि गर्ने नीति लिएको छ । कर्मचारीहरुलाई विषयगत दक्ष, प्रतिष्पर्धी एवं क्षमतावान बनाउनको लागि आवश्यक तालिम कार्यक्रम संचालन गरिदै आइएको छ ।

१९. संस्थागत सामाजिक उत्तरदायित्व :

यस वैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्ने गरी हरेक आर्थिक वर्षको मुनाफाको १ प्रतिशत रकम उक्त कोषमा छुट्याउने गरेको छ र सो कोषबाट विभिन्न क्षेत्रमा आवश्यक सहयोग उपलब्ध गराइरहेको छ ।

२०. संस्थागत सुशासन तथा अनुपालना :

बैंकमा संस्थागत सुशासन कायम राख्नका लागि संचालक समिति एवं व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । संचालक समितिका सबै सदस्यहरु एवं कर्मचारीहरुले नेपाल राष्ट्र बैंकबाट तोकिएको आचरण सम्बन्धी व्यवस्थाहरुको पूर्ण रुपमा परिपालना गरेका छन्। बैंकमा संचालक स्तरको सम्पत्ति शुद्धिकरण निवारण समिति, जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति रहेका छन् र यी समितिहरु लगायत बैंक व्यवस्थापन बैंकका सम्पूर्ण काम कारवाहीहरुलाई पारदर्शी रुपमा संचालन गरी संस्थागत सुशासन कायम गर्न बैंक सदा क्रियाशील रहेको छ ।

यस बैंक सर्वसाधारण जनताको पहुँचभित्रको बैंक भएको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यही समूह भएकोले यस्ता ग्राहकहरुको बैंकप्रतिको विश्वासलाई अभिबृद्धि गरी संस्थालाई पारदर्शी ढंगले चल्नु पर्ने सत्यलाई आत्मसात् गर्दै नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंकलगायत अन्य सबै निकायहरुका निर्दिष्ट नियमहरु एवं अन्य प्रचलित नियम कानुनको परिधिभित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालनमा रहेको छ ।

२१. गत वर्ष साधारणसभाको सुझाव कार्यान्वयन

गत वर्ष सम्पन्न १५ औं वार्षिक साधारणसभामा शेयरधनी महानुभावहरूले बैंकलाई अझ बढी प्रतिस्पर्धी बनाउनका लागि दिनुभएका विभिन्न सल्लाह, सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता व्यक्त गर्दछौं ।

२२. व्यवस्थापनमा भएको हेरफेर :

समीक्षा वर्षको अन्तमा बैंकका तत्कालिन प्रमुख कार्यकारी अधिकृत श्री दिनेश कुमार पोखरेलको दोश्रो कार्यकालको अवधिपश्चात् बैंकका नायब प्रमुख कार्यकारी अधिकृत श्री लेखराज कार्कीलाई का.मु. प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी दिइएको थियो र

❖ बाँकी अन्तिम पृष्ठमा

पेट्रोलियम पदार्थ आयातमा बाहिरियो ३ खर्ब २१ अर्ब

भन्सार विभाग
GOVERNMENT OF NEPAL MINISTRY OF FINANCE DEPARTMENT OF CUS

झापा। एक वर्षको अवधिमा पेट्रोलियम पदार्थको आयातमै खर्बौं रुपैयाँ बाहिरिएको छ।

भन्सार विभागले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७८/७९ मा पेट्रोलियम पदार्थको आयातमै ३ खर्ब २१ अर्ब रुपैयाँ बाहिरिएको हो। जुन, अघिल्लो आर्थिक वर्षमा पेट्रोलियम पदार्थको आयातबाट बाहिरिएको रकमभन्दा १ खर्ब ५६ अर्ब बढी हो। विभागका अनुसार पेट्रोल, डिजेल, मट्टितेल, खाना पकाउने एलपीजी ग्यास र हवाई इन्धन (एटीएफ) आयातमै ३ खर्ब २१ अर्ब रुपैयाँ बाहिरिएको हो। यो गत आर्थिक वर्षको साउन-असारसम्मको अवधिमा बाहिरिएको रकम हो। यस अवधिमा नेपालबाट सबैभन्दा धेरै रकम डिजेलको आयातमा बाहिरिएको छ। १२ महिनाको अवधिमा नेपालबाट डिजेलको आयातमा मात्रै १ खर्ब ६८ अर्ब २३ करोड रुपैयाँ बाहिरिएको छ। यसबापत नेपाल आयल निगमले राज्यलाई ६४ अर्ब ७१ करोड रुपैयाँ राजश्व बुझाएको छ। यस्तै, यस अवधिमा ७१ अर्ब ३८ करोड रुपैयाँ बराबरको पेट्रोल, ६५ अर्ब ५५ करोड रुपैयाँको एलपीजी ग्यास, १५ अर्ब १५ करोडको हवाई इन्धन आयात भएको छ। पेट्रोल आयातबाट राज्य कोषमा ३९ अर्ब ४ करोड, एलपीजी ग्यास आयात गर्दा १२ अर्ब २२ करोड, हवाई इन्धन आयातबाट ७६ करोड रुपैयाँ र मट्टितेल आयातबापत २० करोड ७१ लाख राजश्व संकलन भएको छ।

१ खर्ब ५६ अर्बले बढ्यो आयात

तर, अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा नेपालले जम्मा १ खर्ब २९ अर्ब ११ करोड रुपैयाँको पेट्रोलियम पदार्थ आयात गरेको थियो। त्यस अवधिमा नेपालले ९१ अर्ब ९४ करोडको डिजेल, ३६ अर्ब ५ करोडको एलपीजी ग्यास, ३२ अर्ब ४४ करोड रुपैयाँको पेट्रोल, ३ अर्ब ६० करोडको हवाई इन्धन र १ अर्ब १३ करोडको मट्टितेल आयात भएको छ। यो गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १ अर्ब ५६ करोडले बढी हो।

निगमका प्रवक्ता विनितमणि उपाध्यायले अघिल्लो वर्षको तुलनामा पेट्रोलको खपत २४ प्रतिशतले बढेको जानकारी दिए। यस्तै, एलपीजी ग्यासको खपत १२ प्रतिशत र डिजेलको खपत २ प्रतिशतले बढेको उनको भनाइ छ। यस्तै, हवाई इन्धनको खपत ११९ प्रतिशत बढ्दा मट्टितेलको खपत २४ प्रतिशतले घटेको उपाध्यायको भनाइ छ। तर, अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्य बढ्दा आयात बढेको उनको भनाइ छ।

अघिल्लो वर्ष प्रतिब्यारेल ८० अमेरिकी डलर हाराहारीमा रहेको कच्चा पेट्रोलियमको मूल्य बढेर १३० अमेरिकी डलर प्रतिब्यारेलसम्म पुगेको थियो। जसले गर्दा खपतको परिमाण न्यून मात्रामा बढ्दा समेत आयात मूल्य डेढ खर्ब रुपैयाँभन्दा बढीले बढेको हो।

तस्करी गरेर भारत लैजादै गरेको मदिरा बरामद

झापा। तस्करी गरेर नेपालबाट भारततर्फ लैजादै गरेको मदिरा मोरङ प्रहरीले बरामद गरेको छ।

रातिको समयमा ट्याक्टरमा लोड गरेर सिमावर्ती नाका हुँदै भारतको जोगवनीतिर लैजादै गरेको मदिरा मोरङको जहँदा गाउँपालिका-१ बाट आइतबार राति १० बजेतिर प्रहरीले नियन्त्रणमा लिएको हो। अवैध मदिरा ओसारपसारमा प्रयोग गरिएको को १ त ५९१३ नम्बरको ट्याक्टरलाई पनि नियन्त्रणमा लिइएको मोरङ प्रहरीका डीएसपी राजन कार्कीले जानकारी दिए। प्रहरीलाई देख्नासाथ ट्याक्टर छाडेर चालक भने फरार भएको कार्कीले बताए। चालकको खोजी भइरहेको उनको भनाइ छ। उनका अनुसार दिलवाले ब्राण्डको एक सय ५० कार्टुन अवैध मदिरा बरामद गरिएको छ। बरामद मदिरा एक लाख ३५ हजार मूल्य बराबरको रहेको कार्कीले बताए। मदिरा आवश्यक कारबाहीका लागि विराटनगर भन्सार कार्यालयमा बुझाइने जानकारी उनले दिए। भारतको बिहारमा मदिराको ओसारपसार, बिक्री र सेवनलाई पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ। तर विभिन्न नाकाको प्रयोग गर्दै नेपालबाट तस्करी गरेर भारत लैजाने गरिएको छ। दुईदेशीय सुरक्षा बैठकमा भारतीय सुरक्षाकर्मीले मदिराको अवैध ओसारपसार रोकिदिन नेपाली सुरक्षाकर्मीलाई आग्रह गर्ने गरेका छन्। भारतबाट नेपालतिर हुने लागूऔषधको ओसारपसार नियन्त्रणमा सहयोग गर्न नेपाल प्रहरीले आग्रह गर्दा भारतीय प्रहरीले मदिराको मुद्दा उठाउने गरेको छ। मोरङ प्रहरी प्रमुख एसपी शान्तिराज कोइरालाले नेपालबाट भारततिर भइरहेको मदिराको तस्करी नियन्त्रणका लागि प्रहरी सक्रियता बढाइएको जानकारी दिए। 'नेपाल-भारत सीमाक्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई छलेर मदिरा भारत कटाउने गरिएको पाइयो,' कोइरालाले भने, 'नियन्त्रणका लागि विशेष टोली परिचालन गरेर कडाइ गर्न थालिएको छ।'

ब्राउनसुगरसहित एकजना पक्राउ

झापा। झापाको शिवसताक्षी नगरपालिका १ धरमपुर चर्चाबारीबाट लागूऔषध ब्राउनसुगरसहित एकजना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सोही स्थान शुक्रबारे बस्ने २१ बर्षीय किरण श्रेष्ठ रहेका छन्। आइतबार बेलुका ६ बजे ईलाका प्रहरी कार्यालय दमक र ईलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले श्रेष्ठलाई लागूऔषध ब्राउनसुगर १ ग्राम ६०० मिलिग्रामसहित पक्राउ गरेको हो। पक्राउ परेका श्रेष्ठको ईलाका प्रहरी कार्यालय झिलझिलेबाट थप अनुसन्धान भईरहेको छ।

प्रतिबन्धित औषधीसहित एकजना पक्राउ

झापा। मोरङको उर्लाबारी नगरपालिका-२ झण्डी चौकबाट प्रतिबन्धित औषधीसहित एकजनालाई पक्राउ गरिएको छ। पक्राउ पर्नेमा सोही स्थान बस्ने २० बर्षीय विवेक धिमाल रहेका छन्।

आइतबार बेलुका ७ बजे अस्थायी प्रहरी चौकी मंगलबारेबाट खटिएको प्रहरी टोलीले धिमाललाई प्रतिबन्धित औषधी त्वकबमर्या ६० capsule र Spaspain ६० त्वदभितसहित पक्राउ गरेको हो। पक्राउ परेका धिमालको ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट थप अनुसन्धान भईरहेको छ।

निकुञ्ज क्षेत्र अतिक्रमण गर्ने पक्राउ

झापा। सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा अतिक्रमण गरी पक्की संरचना निर्माण गरेको आरोपमा एक युवक पक्राउ परेका छन्।

पक्राउ पर्नेमा खुम्बु पासाङ ल्हामु गाउँपालिका- २ का ३१ वर्षीय दावा छिरिङ शेर्पा रहेको निकुञ्जको कार्यालय नाम्चे सोलुखुम्बुले जनाएको छ।

सोही वडाको मेरापिक क्षेत्रमा निकुञ्जको भू-भाग अतिक्रमण गरी पक्की घर बनाउँदै गर्दा शेर्पा पक्राउ परेको निकुञ्जका सूचना अधिकारी विष्णु रोकायले जानकारी दिए। उनका अनुसार निकुञ्ज क्षेत्रमा पक्की संरचना निर्माण गरिरहेको भन्ने स्थानीयले दिएको सूचनाको आधारमा कार्यालयबाट खटिएको गस्ति टोलीले शेर्पालाई पक्राउ गरेको हो। उनलाई निकुञ्जको सुधारगृहमा राखेर अनुसन्धान सुरु गरिएको कार्यालयले जनाएको छ। वि.सं. २०३२ मा स्थापना भएको निकुञ्ज एक हजार एक सय ४८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। विश्वको सर्वोच्च शिखर सगरमाथा अवस्थित यस निकुञ्जलाई सन् १९७९ देखि विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको हो।

साना बच्चाको आँखामा गाजल लगाउँदा यस्ता हानी

झापा। नेपालमा बच्चा जन्मिएको केही समयपछि गाजल लगाउने प्रचलन छ। बच्चालाई गाजल लगाइदिँदा आँखाको सुन्दरता बढ्ने र स्वस्थ हुने मान्यता राखिन्छ। तर गाजल लगाउँदा बच्चाको आँखालाई गम्भीर हानी हुन्छ भन्ने कुरा तपाईंलाई थाहा छ ? वास्तवमा, गाजल बनाउनका लागि ५० प्रतिशतभन्दा बढी लेडको प्रयोग गरिन्छ। जुन शिशुको आँखाका लागि निकै हानिकारक हुनसक्छ। लेडले आँखालाई मात्रै नभई, मिर्गौला, मस्तिष्क, बोन म्यारो र शरीरका अन्य अंगलाई प्रभावित गर्नसक्छ। शिशुको आँखामा गाजल लगाउँदा कस्ता समस्या निम्तिन्छन् भन्नेबारे जानकारी लिऔं।

संक्रमणको खतरा

शिशुको छाला निकै कोमल र सेन्सेटिभ हुन्छन्। थोरै मात्रै पनि लापरवाहीले शिशुमा संक्रमणको खतरा बन्ने गर्छ। यस्तोमा जब औंलाले उनीहरुको आँखामा गाजल लगाइन्छ भने संक्रमणको खतरा बढ्ने गर्छ। कतिपय अवस्थामा औंलाले गाजल लगाउँदा बच्चाको आँखामा चोटसमेत लाग्नसक्छ। यतिमात्रै होइन, कतिपटक त नुहाउने बेला बच्चाको आँखाको गाजल उनीहरुको मुख र नाकमा जाने डर पनि हुन्छ। बच्चाको मुखमा गाजल जाँदा बच्चाको पेटसँग सम्बन्धित समस्या पनि हुनसक्छ।

चिलाउने

कतिपटक हामीले बजारमा उत्पादित गाजल प्रयोग गर्छौं।जसले बच्चाको आँखा चिलाउने समस्या निम्त्याउन सक्छ। बजारमा पाइने गाजलमा लेड पनि पाइन्छ जसले उनीहरुको दिमागको विकासमा बाधासमेत निम्त्याउन सक्छ। कतिपटक शिशुलाई गाजल लगाउँदा आँखामा बिमिरा पनि आउन सक्छन्। उनीहरुलाई चिलाउने, पोल्नेलगायतका समस्या हुनसक्छ।

छालाको संक्रमणको खतरा

कतिपय अवस्थामा बालबालिकाले आँखामा लगाइएको गाजललाई हातले रगड्ने काम गर्छन्। यसो गर्दा छालामा संक्रमणको खतरा बढी हुन्छ। छालामा गाजल लगाउँदा बच्चामा बिमिरा, जलन महसुस हुनसक्छ।

आँखाको ज्योति प्रभावित हुनसक्छ

कतिपटक त हामीले बच्चाको आँखामा असाध्यै धेरै गाजल लगाइदिन्छौं। यसले बच्चाको आँखाको बीचको हिस्सा जसलाई कोर्निया भनिन्छ। त्यसमा क्षति पुग्नसक्छ। आँखाको यो हिस्सा निकै नाजुक हुन्छ। यसमा गाजल जाँदा आँखाको ज्योति प्रभावित हुनसक्छ।

बच्चाको आँखाबाट पानी बग्ने समस्या

गाजल लगाउँदा बच्चाको आँखाबाट पानी बग्ने समस्या पनि हुनसक्छ। आँखामा गाजल लगाउँदा एलर्जी हुनसक्छ। यसका कारण आँखा चिलाउने हुनसक्छ। साथै आँखाबाट पानी पनि बग्नसक्छ। कतिपटक गाजल बच्चाको आँखाको कुनामा जम्मा हुन्छ जसले बच्चामा संक्रमणको खतरा झनै धेरै बढाउन सक्छ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर (शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

आजको राशिफल

मेष आज धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ।

वृष आज आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला।

मिथुन कुनै कुराले मनमा शान्ति र प्रसन्नता मिल्नेछ। रोकिएका काम पुनः सुरु हुनेछ।

कर्कट नयाँ कार्यको थालनी हुनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ।

सिंह काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। रमाइलो यात्राको योग रहेको छ

कन्या विशेष यज्ञयागादि तथा धार्मिक कृत्यमा सहभागिताको अवसर मिल्नेछ।

तुला आज मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ।।

वृश्चिक धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। प्रेमीको सहयोग पाइनेछ।

धनु शुभ कार्यको चर्चा चल्नेछ। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ।

मकर पर्यटकीय स्थलको भ्रमणले मन लोभ्याउनेछ। स्वादिलो परिकार पनि

कुम्भ प्रेमी र प्रेमिकाका बिच खिन्नता बढ्नेछ। ताके अनुरूप काम नबन सक्छ।

मिन आज व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ। भौतिक सुख पनि मिल्नेछ।